

# यौन शोषण र दुर्व्यवहार प्रति
# शून्य सहनशीलता हाम्रो नीति

UNITED NATIONS NEPAL




## होसियार !

विपद् तथा विकास कार्यमा संलग्न जो कसैबाट हुने यौन दुर्व्यवहार जघन्य अपराध हो । अपराधीलाई कानुन बमोजिम कारवाही हुन्छ ।



## बहाना चल्दैन !

१८ वर्ष भन्दा कम उमेरका बाल बालिकाहरुसँग यौन गतिविधि कानूनत निषेधित छ । बालबालिकाको स्वीकृतिलाई सहमति मानिदैन । उमेरबारेको गलत बुझाई प्रतिरक्षाको आधार हुन सक्दैन ।



## निषेधित !

यौन सम्पर्कको लागि दिइने प्रलोभन, अन्य अपमानजनक वा शोषणजन्य व्यवहार निषेधित छ । सबै लेनदेनजन्य यौनसम्पर्क निषेधित छ ।



## बर्जित !

सेवाग्राही अथवा लाभग्राहीसँग यौन सम्बन्ध राख्न बर्जित छ । यस्ता कार्यले सहयोगी संस्था तथा सहायताकर्मी प्रतिको विश्वसनीयता र निष्ठा धुमिल बनाउँछ ।




## उजुरी गरौं !

कोही कसैमाथि यौन शोषण र दुर्व्यवहार भएको जानकारी पाउनुभएमा सो विरुद्ध उजुरी दिनु तपाईंको कर्तव्य हो ।



## जिम्मेवार बनौं !

समुदायमा यौन शोषण र दुर्व्यवहारबाट मुक्त वातावरणको सुनिश्चितता गर्नु सहायताकर्मीको दायित्व हो र यस्तो वातावरणलाई कायम राख्ने प्रणालीहरुको विकास गर्नु र सो प्रणालीलाई निरन्तरता दिनु सबैको जिम्मेवारी हो ।

**यो नैतिक आचरणसँग सम्बन्धित नीति संयुक्त राष्ट्रसङ्घसँग काम गर्ने व्यक्ति तथा आवद्ध संघसंस्थामाथि जहिले अनि जुनसुकै अवस्थामा पनि लागु हुन्छ । यसको उल्लंघन गरेमा अनुशासनात्मक वा प्रशासनिक र कानुनी कारबाही हुन्छ ।**





# यौन शोषण र दुर्व्यवहार सम्बन्धी जानकारी

UNITED NATIONS NEPAL

## यौन शोषण र दुर्व्यवहार के हो ?

यौन शोषण र दुर्व्यवहार लैङ्गिकतामा आधारित हिंसाको एउटा रुप हो । यो शक्तिशाली पदमा रहेको व्यक्तिले कमजोर अवस्थामा रहेको व्यक्तिमाथि शक्ति र श्रोतको दुरुपयोग गरि गरिने यौन हिंसा हो । यो शारीरिक, मौखिक, अमौखिक, लिखित, अथवा अनलाईन प्रवृत्तिको हुन्छ ।

## यौन शोषण के हो ?

सहायताकर्मीहरुले कुनै पनि सहायता वा सहयोग जस्तै राहत सामग्री, पैसा, जागिर, अथवा अन्य कुनै सेवाको सट्टामा यौन सम्पर्क वा यौनजन्य कार्यको माग गर्नु हुदैन । असमान शक्ति सम्बन्धको अवस्थाको अथवा विश्वासको स्थितिको दुरुपयोग गरिकन सहयताकर्मीले लाभग्राहीसँग सहमतिमा गरिने यौन गतिविधिहरु पनि यौन शोषणमा पर्नसक्छ।

## यौन दुर्व्यवहार के हो ?

कुनै शक्तिशाली व्यक्तिले कमजोर वा जोखिममा रहेको व्यक्तिमाथि जबरजस्ती वा नियन्त्रणमा राखी गरिने यौन सम्पर्क यौन दुर्व्यवहार हो । जस्तै सहायताकर्मीले लाभग्राही माथि गरिने यौनजन्य आक्रमण, बलात्कार, बालबालिकासँगको यौन क्रियाकलाप, गलत छुवाई, हेराइ, जिस्काई आदि यौन दुर्व्यवहार हो ।

**याद राख्नुहोस्, तपाई माथि हुने कुनै पनि यौन शोषण वा दुर्व्यवहार तपाईंको गल्ती होइन ।**

## अपराधीलाई के गरिन्छ ?

यदि यौन दुर्व्यवहार तथा शोषणका घटना प्रमाणित भएमा पीडक विरुद्ध अनुशासनात्मक वा प्रशासनिक कारबाही हुन्छ । यसमा निलम्बन, बर्खास्ती र भविष्यमा संयुक्त राष्ट्रसंघका लागि काम गर्नबाट निषेध गरिने कार्यहरु समावेश हुन्छन् । पीडकलाई लागू हुने अवस्थामा फौजदारी अभियोजनका लागि सिफारिस गरिन्छ ।

## उजुरी कहाँ गर्ने ?

यदि यौन शोषण र दुर्व्यवहारका घटना भोग्नु, देख्नु वा थाहा पाउनु भएमा तपाईले तलका हेल्प लाईनहरु मध्ये कुनैमा फोन गरी उजुरी गर्नसक्नुहुन्छ ।

| संयुक्त राष्ट्रसंघ नेपाल | नेपाल प्रहरी | महिला आयोग | बाल हेल्पलाइन |
|---|---|---|---|
| ०१-४२९००९८ | १०० | ११४५ | १०९८ |